## मिति २०८२/९/१८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपि

१. इलाका प्रशासन कार्यालय माग गर्ने सम्बन्धमा ।
२. नगरसभाको मिति तय गर्ने सम्बन्धमा ।
३ . सुपा देउराली मन्दिरको विषयमा छलफल सम्बन्धमा ।
४. नगर सभा सचिवालय गठन सम्बन्धमा ।
५. नगरसभामा र सचिवालयमा खट्ने कर्मचारीलाइ सुविधा दिने सम्बन्धमा ।
६. विभिन्न कार्यविधि सम्बन्धमा।
७. गह्रा सुधार अनुमती तथा आइइइ स्वीकृत सम्बन्धमा ।
८. छात्रवृत्ति सम्बन्धमा।
९. कार्यक्रम संचालनको लागि रकम दिने सम्बन्धमा ।
१०. एम्बुलेन्स दुर्घटनामा घाइतेको उपचार खर्च भुक्तानी सम्बन्धमा ।
११. सामाजिक विकास समितिको प्रतिवेदन सम्बन्धमा ।
१२. आगामी आ.व.हरुको आय व्यय प्रक्षेपण सम्बन्धमा ।
१३. योजना तथा कार्यक्रमको रकम संसोधन सम्बन्धमा ।
१४. विविध सम्बन्धमा ।

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका क्षेत्रफलको हिसावले नेपालकै ठूलो नगरपालिका हो । यसको क्षेत्रफल ७३० वर्ग कि.मी. रहेको छ । यस नगरपालिकामा १४ वटा वडाहरु रहेका छन् । नगरपालिकाको केन्द्र विन्दु वडा नं. ३ मा रहेको छ। यस नगरपालिकामा टाढा/टाढाका वडा कार्यालय तथा विभिन्न वस्तीबाट आईपुग्न करिव ५/६ घण्टा समय लाग्छ भने एकतर्फी भाडा समेत करिव ८००।- सम्म लाग्ने अवस्था छ। यस पालिकाबाट जिल्ला सदरमुकाम सम्म पुग्न करिव २ घण्टा लाग्ने र अन्दाजी एकतर्फी भाडा २००।- सम्म रहेको छ। जसका कारण नगरवासीले एक दिनमा सदरमुकामबाट सेवा प्राप्त गरी सोही दिन आफ्नो घर फर्किन सक्ने अवस्था छैन ।

देशमा संघीय शासन प्रणाली लागू भएतापनि अर्घाखाँची जिल्लाको आधा भन्दा बढी भू-भाग ओगटेको यस नगरपालिकाका जनता नागरिकता, पासपोर्ट, शान्ति सुरक्षा, जग्गा रजिष्ट्रेशन, नापनक्सा लगायतका अत्यावश्यक कामको लागि जिल्ला सदरमुकाम जानु पर्ने वाध्यता यथावत रही रहेकाले अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकाको ठाडामा ईलाका प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय स्थापनाको लागि गृह मन्त्रालय र भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सवै वडा अध्यक्ष, कार्यपालिका सदस्य, यस जिल्लाका राजनीतिक दलका प्रमुख वा प्रतिनिधि एक/एक जना, पत्रकार महासंघबाट तीन जना डेलिगेशन जाने, डेलिगेशनमा हुने खर्च नगरपालिकाबाट व्यहोर्ने र खर्च मितव्ययी गर्ने निर्णय गरियो । उक्त कार्यक्रमको संयोजन वडा नं.११ का वडा अध्यक्ष श्री नवराज भुसाल र स्वास्थ्य शाखा प्रमुख श्री दामोदर ढकालले गर्ने ।

प्रमाणित प्रतिलिपि
शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको १८ औं नगरसभाको अधिवेसन यही मिति २०८२/९/२७ गते विहान १०.३० बजे नगरपालिकाको हलमा बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ र सन्धिखर्क नगरपालिकाको वडा नं. ७ सिमानामा रहेको सुपादेउराली मन्दिरको व्यवस्थापन समिति गठन लगायतको विषयमा स्थानीय स्तरमा छलफल गर्न शिनपा २ को लाहुरे बजार क्षेत्रमा उचित समय मिलाई यस नगरपालिकाको २ नं. वडा कार्यालयले भेलाको आयोजना गर्ने र उक्त भेलामा यस नगरपालिकाबाट प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत समेत गई आवश्यक समन्वय तथा सहजिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको नगरसभा व्यवस्थित रुपमा संचालन गर्न नगरसभाको सचिवालय गठन गर्नु पर्ने भएकोले तपशिल अनुसारको कर्मचारीहरु रहने गरी शितगंगा नगरपालिकाको नगरसभा सचिवालय गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक प्रमुख प्रशासकीय अधिकृत शितगंगा न.पा.

सदस्य लेखा अधिकृत श्री मञ्जु पन्थी शिनपा

सदस्य प्रशासकीय अधिकृत श्री नुमलाल खनाल शिनपा

सदस्य सुचना तथा प्रविधि अधिकृत श्री मधु पौडेल शिनपा

सदस्य सहायक प्रशासकीय अधिकृत श्री रमा पाण्डे शिनपा

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा उक्त प्रस्तावमाथि आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विधायन समितिबाट निर्णय भई कार्यालयबाट पेश भएका तपशिलका कार्यविधि माथि आजको बैठकमा छलफल भयो । उक्त पेश भएका कार्यविधिहरुमा केही संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

***तपशिल***

१. डमरुदह व्यवस्थापन, संरक्षण र विकास सम्बन्धि कार्यविधि, २०८२

२. शितगंगा नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**निर्णय नं. ७**

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपि

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०८१ को दफा (९) बमोजिम जग्गा व्यवस्थापनको लागि पेश गरेका निवेदनकहरुको सन्दर्भमा हाल उक्त अनुसार आवश्यक प्रकृया पुगेका तपशिल बमोजिमका जग्गा धनिहरुलाई सोही कार्यविधिको दफा (१२) बमोजिम निजी जग्गा व्यवस्थापन गर्न दिने र सो कार्य गर्दा निस्कने साधारण निर्माणमुखी पदार्थ (ढुङ्गा, माटो, मिस्कट) ढुवानी गरी अन्यत्र लैजान अनुमती दिने साथै गह्रा सुधारको लागि पेश भएका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (आइइइ) स्वीकृत गर्ने समेत निर्णय गरियो ।

**तपशिल**

**गह्रा सुधार अनुमति तर्फ**

(क) शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टीमा गित बहादुर दमैको नाममा रहेको कित्ता नं. ५२ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ख) शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टीमा भिम अर्जुन दर्लामीको नाममा रहेको कित्ता नं. ७८ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ग) शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टीमा यमकला पुनको नाममा रहेको कित्ता नं. ७६ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(घ) शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टीमा कर्ण बहादुर कुवरको नाममा रहेको कित्ता नं. २८, १२६ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ङ) शितगंगा नगरपालिका वडा नं. ११ खयरभट्टीमा पुतली सुनारको नाममा रहेको कित्ता नं. ६९ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(च) शितगंगा नगरपालिका वडा नं. १४ यम कुमार दर्लामीको नाममा रहेको कित्ता नं. २६ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(छ) शितगंगा नगरपालिका वडा नं. १४ कमला दर्लामीको नाममा रहेको कित्ता नं. १८ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ज) शितगंगा नगरपालिका वडा नं. १४ मनिराम दर्लामीको नाममा रहेको कित्ता नं. २० को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(झ) शितगंगा नगरपालिका वडा नं. १२ डोहोटेमा पोम बहादुर घर्ति मगरको नाममा रहेको कित्ता नं. ५७५ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ञ) शितगंगा नगरपालिका वडा नं. १२ धौलेटाकुरामा लक्ष्मीदेवी पोखेलको नाममा रहेको कित्ता नं. २६०४ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ट) शितगंगा नगरपालिका वडा नं. १२ धौलेटाकुरामा नारायण प्रसाद वेल्वासेको नाममा रहेको कित्ता नं. ११०३ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपि

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विभिन्न कार्यक्रम संचालनको लागि रकम माग गरीएको निवेदन उपर छलफल हुँदा तपशिलको कार्यक्रम संचालन गर्न निवेदकहरुलाई निम्न अनुसारको रकम प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) शितगंगा नगरपालिका वडा नं. ११ बस्ने शरदजंग आले लाई मानव र वन्यजन्तु विचको द्वन्द, राहत वितरण र वन्यजन्तु संरक्षण सम्बन्धि जनचेतना मुलक कार्यक्रम समेतका विषयमा अध्ययन कार्यमा सहयोग गर्न सहयोग स्वरुप रु ३००००।- उपलब्ध गराउने । अध्ययन पश्चात नगरपालिकालाई सो को प्रतिवेदन समेत पेश गर्न लगाउने ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका अर्न्तगत जुकेना स्वास्थ्य चौकीको मातहतमा सञ्चालनमा रहेको लु १.झ ३६५ नम्वरको एम्बुलेन्स सैनामैना नगरपालिका इप्रका रन्यौरा रुपन्देही अगाडी पूर्वपश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ गईरहेको एम्बुलेन्स र पूर्वबाट पश्चिम तर्फ गईरहेको लु १ च ४७६० नम्वरको गाडीसँग मिति २०८२/७/१३ गते एक आपसमा ठोक्कीदा अर्को गाडीको चालक सख्त घाईते भई भैरहवा मेडिकल कलेज हुदै एयर एम्बुलेन्स मार्फत काठमाडौं लाई उपचार गराउनु परेकोले यस नगरपालिका र उक्त गाडी धनि/चालक निल प्रसाद ढकालसँग भएको सम्झौता बमोजिम यस नगरपालिकाले उपलब्ध गराउनु पर्ने रकमबाट रु ५५००००।- गत आ.व.को मौज्दात रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८२/८/२२ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार सामाजिक विकास समितिबाट पेश भएको स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापन तथा संस्थाहरुको पुर्नसंरचना/व्यवस्थापन सम्बन्धि प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मुल्याङ्कन कार्यविधि, २०७८ दफा ३ बमोजिम स्थानीय तहले अन्तर सरकार वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (१) बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको विवरण पुष मसान्त भित्र अर्थ मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले आगामी आ.व.को लागि निम्न अनुसार वजेट प्राप्त हुने र खर्च हुने आय व्यय अनुमान गत नगरसभाबाट तपशिल बमोजिम गरेकोले उक्त अनुसारको विवरण तोकिएको समय भित्र पठाउने निर्णय गरियो ।

**तपशिल**

| शिर्षक | आ.व. ०८२/०८३ को प्रस्तावित | आ.व. ०८३/०८४ को अनुमान | आ.व. २०८४/०८५ को अनुमान अनुमान |
|---|---|---|---|

(ठ) शितगंगा नगरपालिका वडा नं. १२ पिरापानीमा रुम बहादुर खड्काको नाममा रहेको कित्ता नं. ६८५ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ड) शितगंगा नगरपालिका वडा नं. १४ मा शान्ता नेपालीको नाममा रहेको कित्ता नं. ४३, ४५ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

**गह्रा सुधार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने तर्फ**

(क) यस नगरपालिकाको निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदी उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८१ बमोजिम विभिन्न व्यक्तिको निजी जग्गा व्यवस्थापन गर्न प्रारम्भिक वातावरणीय अध्ययन (आईइइ) गरी पेश भएका तपशिल बमोजिमका प्रतिवेदनका सन्दर्भमा देहाय कमोजिम गर्ने ।

(१) यस नगरपालिकाको वडा नं. १२ धौलेटाकुरामा निवेदक जिवा कुमारी थापाको श्रीमान मुम बहादुर थापाको नाममा दर्ता कायम भएको कित्ता नं. १०७० को जग्गा व्यवस्थापन गर्न प्रस्तावक वाई वि कन्स्ट्रक्सन प्रा.लि.रहेको डेलिजेन्स कन्सल्टिङ्गले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण (आइइइ) प्रतिवेदन बैठकमा प्रस्तुत भयो । पेश भएको उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

(२) यस नगरपालिकाको वडा नं. १२ धौलेटाकुरामा निवेदक ज्ञान बहादुर रानाको नाममा दर्ता कायम भएको कित्ता नं. ११०१, ११०२ को जग्गा व्यवस्थापन गर्न प्रस्तावक ज्ञान बहादुर राना रहेको डेलिजेन्स कन्सल्टिङ्गले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण (आइइइ) प्रतिवेदन बैठकमा प्रस्तुत भयो । पेश भएको उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

(३) यस नगरपालिकाको वडा नं. ११ टिक्करीमा निवेदक हरिकला भुसाल र सरस्वती भुसालको नाममा दर्ता कायम भएको कित्ता नं. २४ को जग्गा व्यवस्थापन गर्न प्रस्तावक सरस्वती इँटा उद्योग रहेको रिसर्च इन्जिनियरिङ्ग एण्ड इन्भ्यारोमेन्ट कन्सल्ट प्रा.लि.ले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण (आइइइ) प्रतिवेदन बैठकमा प्रस्तुत भयो । पेश भएको उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. १२ निवासी अरुण बेल्वासे र वडा नं ५ निवासी बिपिन पौडेलले आर्थिक वर्ष २०८२/०८२ मा एग्रोफरेष्ट्री बहुप्राविधिक शिक्षालय छत्रदेव गा.पा. ४ मधुरा अर्घाखाँचीमा पशु विज्ञान अध्ययन गरिरहेकोले अध्ययन पश्चात यस नगरपालिकामा पशु विकासको क्षेत्रमा निजहरुबाट हुन सक्ने प्राविधिक सेवालाई मध्यनजर गर्दै पशु पालनको क्षेत्रमा आवश्यक पर्ने प्राविधिक जनशक्ति तयार गर्ने कार्यमा प्रोत्साहन गर्न निजहरुलाई प्रति विद्यार्थि रु २५०००।- का दरले एक पटक छात्रबृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

शितगंगा नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपी

| | आयः | | | |
|---|---|---|---|---|
| | **राजस्वः** | | | |
| १ | आन्तरिक आय | ३१५१२ | ३३७८० | ३५०७५ |
| २ | संघीय राजश्व बाँडफाँडबाट प्राप्त | १६४२०० | १६५००० | १६६००० |
| ३ | प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त | १९१६१ | २०००० | २१००० |
| ४ | अन्य आय (मौज्दात) | १०००० | १०००० | १०००० |
| | **अन्तर सरकारी वितीय हस्तान्तरण** | ० | ० | ० |
| ५ | संघीय समानीकरण अनुदान | १४३८०० | १४४००० | १४५००० |
| ६ | संघीय सशर्त अनुदान | ५०२२०० | ५१०००० | ५२०००० |
| ७ | प्रदेश समानीकरण अनुदान | ९६७७ | १०००० | ११००० |
| ८ | समपुरक अनुदान (संघ) | ९७०० | २०००० | २०००० |
| ९ | विशेष अनुदान (संघ) | ९००० | १०००० | १०००० |
| १० | समपुरक अनुदान (प्रदेश) | १२००० | २०००० | २१००० |
| ११ | सशर्त अनुदान (प्रदेश) | १९००० | १४००० | १५००० |
| १२ | विशेष अनुदान (प्रदेश) | ० | ४००० | ५००० |
| १३ | समपुरक अनुदान (सडक वोर्ड नेपाल) | ६५०० | ७००० | ७५०० |
| | **जम्मा** | ९३६७५० | ९६७७८० | ९८६५७५ |
| | **व्ययः** | | | |
| १ | चालु खर्च | ६५५५५० | ६७७७८० | ६८६०७५ |
| २ | पूँजिगत खर्च | २८१२०० | २९०००० | ३००५०० |
| | **जम्मा** | ९३६७५० | ९६७७८० | ९८६५७५ |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा सत्रौ नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु विभिन्न कारणले हाल सम्म कार्यान्वयन हुन नसक्ने अवस्था भई संसोधन गर्नु पर्ने भएमा आगामी नगरसभामा पेश गरी संसोधन गर्ने प्रयोजनको लागि आगामी कार्यपालिका बैठक अगाबै वडाकार्यालयहरुले पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

**(क)** यस नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न घटना भई आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद व्यवस्थापन कोष तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम नबाभिने गरी तपशिल अनुसार आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. शितगंगा नगरपालिका वडा नं. ११ माझखाडा निवासी राजेश थापाको मिकिशा थापाको दुबै मृगौला खराब भई कान्ती बाल अस्पताल काठमाण्डौमा उपचारको क्रममा रहेको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

२. शितगंगा नगरपालिका वडा नं. १२ रजिया निवासी यमलाल अर्यालको गोठमा मिति २०८२/९/१४ गते राती आगो लाग्दा गोठ पूर्ण रुपमा क्षति भएकोले प्रहरी मुचुल्का र वडाको सिफारिस पेश भएकोले उक्त पेश भएको कागजातहरु समेतको आधारमा निजलाई रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने ।

**(ख)** चालु आ.व.मा नगरपालिका तथा वडा तर्फको बजेटबाट खानेपानी/सिंचाई तर्फ कुनै योजना मर्मत सुधार, विस्तार तथा निर्माणका लागि पाईप खरिद गर्न बजेट विनियोजन भएको भएमा उक्त रकमबाट एकमुष्ठ रुपमा पाईप खरिद गर्न आवश्यक पर्ने पाईपको साईज र विनियोजित रकम उल्लेख गरी नगरपालिकामा पठाउने ।

**(ग)** रोजगार रणनीति स्वीकृत गर्ने र अन्य कार्यविधि संसोधन गर्ने कार्यको सन्दर्भमा विधायन समिति मार्फत पेश गर्न लागाउने ।

**(घ)** यस नगरपालिकाको सुरक्षा व्यवस्थापनको लागि विहान साँझ कार्यालयमा बसी रेखदेख गर्न ठाडा आयुर्वेद केन्द्रमा कार्यरत कार्यालय सहयोगि खगीसोर पाण्डेयलाई जिम्मा लगाईएकोले निजलाई विहान साँझ कार्यालय गेट बन्द गर्ने खोल्ने,वरीपरी सरसफाई गर्ने, कार्यालयको सुरक्षा गर्ने समेतको कार्य गर्ने गरी थप जिम्मा लगाईएकोले निजलाई थप सुविधा बापत मासिक रु १००००।-उपलब्ध गराउने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि